साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेड

(नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्र प्राप्त लघुवित्त वित्तीय संस्था)

केन्द्रीय कार्यालय, बबरमहल, काठमाडौं

फोन नं.०१-५३२०९१३, Website :www.skbbl.com.np

२४ औं वार्षिक साधारण सभा सम्बन्धी सूचना

यस वित्तीय संस्थाको मिति २०८२ मङ्सिर २६ गते बसेको सञ्चालक समितिको ७६ औं बैठकको निर्णयानुसार संस्थाको २४ औं वार्षिक साधारण सभा देहायका विषयहरु उपर छलफल तथा निर्णय गर्न निम्न मिति, समय र स्थानमा बस्ने भएकोले सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी तथा उपस्थितिको लागि कम्पनी ऐन, २०६३ को दफा ६७ (२) बमोजिम यो सूचना प्रकाशित गरिएको छ ।

सभा बस्ने मिति, समय र स्थान

मिति : **२०८२ पौष २५ गते (January 9, 2026) शुक्रबार**

समय : **बिहान ११:१५ बजे ।**

स्थान : **कार्की ब्यान्क्वेट, बबरमहल, काठमाडौं**

छलफलका विषयहरु :

(क) सामान्य प्रस्ताव :

१. सञ्चालक समितिको तर्फबाट प्रस्तुत आ.व. २०८१/८२ को वार्षिक प्रतिवेदन माथि छलफल गरी पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०८२ असार मसान्तको वासलात, आ.व. २०८१/८२ को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण र सोही अवधिको वार्षिक वित्तीय विवरणसँग सम्बद्ध अनुसूचीहरु समेत छलफल गरी पारित गर्ने ।

३. सञ्चालक समितिले प्रस्ताव गरे अनुसार २०८२ असार मसान्तमा कायम रहेको चुक्ता पुँजी रु.४,३१,२६,२१,५१३/७८ को ०.७५% ले हुने रकम रु. ३,२३,४४,६६१/३५ नगद लाभांश (लाभांश कर प्रयोजनको लागि) पारित गर्ने ।

४. लेखापरीक्षण समितिको सिफारिश बमोजिम कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आर्थिक वर्ष २०८२/८३ को लेखापरीक्षण गर्न बाह्य लेखापरीक्षक नियुक्ती र निजको पारिश्रमिक निर्धारण गर्ने ।

(ख) विशेष प्रस्ताव :

१. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम हाल कायम रहेको चुक्ता पुँजी रु.४,३१,२६,२१,५१३/७८ को १४.२५% ले हुने रकम रु. ६१,४५,४८,५६५/७१ बराबरको बोनस शेयर जारी गर्ने प्रस्ताव पारित गर्ने । उक्त अनुपातमा बोनस शेयर जारी गर्दा हुन आउने भिन्न अङ्क (fraction) लाई पहिलेको भिन्न अङ्कसँग समायोजन गरी बाँकी हुन आउने भिन्न अङ्कलाई पछि समायोजन गर्ने गरी यथावत राख्ने ।

२. यस संस्थाको अधिकृत पुँजी रु. ५,००,००,००,०००/– (अक्षरेपी पाँच अर्ब मात्र) लाई बृद्धि गरी रु. ८,००,००,००,०००/- (अक्षरेपी आठ अर्ब मात्र) कायम गर्ने र सोही बमोजिम प्रबन्धपत्रको दफा ५ (क) मा रहेको सम्बन्धित दफामा आवश्यक संशोधन गर्ने ।

३. यस संस्थाको जारी तथा चुक्ता पुँजी वृद्धि गर्ने र सोही बमोजिम प्रबन्धपत्रको दफा ५(ख) र (ग) मा रहेको सम्बन्धित दफाहरुमा आवश्यक संशोधन गर्ने ।

४. आ.व. २०८१/८२ मा संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत भएको वित्तीय विवरणको अनुसूची ४.३५ मा उल्लिखित खर्च रु. १,२०,२६,३८१/५७ कम्पनी ऐन, २०६३ को दफा १०५(१)(ग) को प्रयोजनका लागि अनुमोदन गर्ने ।

५. प्रबन्धपत्र संशोधन सम्बन्धमा नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड तथा अन्य नियामक निकायबाट स्वीकृत गराउनको लागि आवश्यकता अनुसार सोमा थपघट परिमार्जन, संशोधन तथा सच्याउनको लागि निर्देशन अनुसार गर्नुपर्ने सम्पूर्ण कार्य गर्न सञ्चालक समितिलाई अख्तियारी दिने ।

(ग) विविध ।

सञ्चालक समितिको आज्ञाले,
कम्पनी सचिव,

वार्षिक साधारण सभा सम्बन्धी अन्य जानकारी

१. वार्षिक साधारण सभा प्रयोजनका लागि मिति २०८२/९/९ गते यस संस्थाको शेयर दाखिल खारेज दर्ता किताब बन्द रहने छ । नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०८२/९/८ सम्म कारोबार भई प्रचलित कानून बमोजिम यस वित्तीय संस्थाका शेयर रजिष्ट्रार श्री लक्ष्मी सनराईज क्यापिटल लिमिटेड, कमलपोखरी, काठमाडौंमा प्राप्त शेयर नामसारीको लिखतको आधारमा शेयरधनी दर्ता किताबमा कायम शेयरधनीहरुले सो सभामा भाग लिन, मतदान गर्न तथा बोनस शेयर तथा नगद लाभांश पाउने व्यवस्था मिलाइएको बेहोरा अनुरोध छ ।

२. शेयरधनी दर्ता पुस्तिका बन्द भएको मितिमा कायम शेयरधनीहरुको ठेगानामा वार्षिक साधारण सभाको सूचना सहितको वार्षिक प्रतिवेदन पठाइनेछ । साथै उक्त प्रतिवेदन संस्थाको वेबसाईट www.skbbl.com.np मा पनि हेर्न सकिनेछ । कम्पनी ऐनको दफा ८४ बमोजिमको संक्षिप्त आर्थिक विवरण यसै सूचना साथ प्रकाशित गरिएको छ । कुनै कारणवस उपरोक्त सूचना तथा प्रतिवेदन प्राप्त नगर्नु हुने शेयरधनीहरुले यसै सूचनालाई आधार मानी आफ्नो कुनै परिचय खुल्ने प्रमाणपत्र (फोटो भएको) तथा शेयर अभौतिकीकरण गरेको विवरण देखिने BOID No. हितग्राही खाता नं. साथमा लिई सभामा भाग लिन आउनु हुन अनुरोध गरिन्छ ।

३. सभामा भाग लिन प्रत्येक शेयरधनी महानुभावहरु सभा हुने स्थानमा उपस्थित भई त्यहाँ रहेको हाजिरी किताबमा दस्तखत गर्नु पर्नेछ । हाजिरी किताब सभा हुने दिन बिहान ९:०० बजेदेखि खुला रहनेछ ।

४. विद्यमान शेयरधनीलाई मात्र प्रोक्सी दिन सकिनेछ । प्रोक्सी फर्म सभा हुनु भन्दा ७२ घण्टा अगावै यस कम्पनीको बबरमहल, काठमाडौं स्थित केन्द्रीय कार्यालयमा दर्ता गराउनु पर्नेछ । एक जना शेयरधनीले एक भन्दा बढी प्रोक्सी दिएमा पछि दर्ता हुन आउने प्रोक्सी बदर हुनेछ ।

५. नाबालक वा अशक्त शेयरधनीको तर्फबाट लगत किताबमा उल्लिखित संरक्षकले मात्र सभामा भाग लिन, मतदान गर्न, प्रोक्सी दिन सक्नेछ ।

६. संयुक्त रुपमा शेयर खरिद गरिएको अवस्थामा त्यस्तो शेयरधनीको तर्फबाट सर्वसम्मत रुपमा नियुक्त प्रतिनिधि अथवा त्यसरी नियुक्त नभएमा शेयरधनी दर्ता किताबमा पहिले नाम उल्लेख भएको शेयरधनीले मात्र सभामा भाग लिन र मतदान गर्न पाउनेछ ।

७. संगठित संस्था शेयरधनी भएमा त्यस्ता संगठित संस्थाद्वारा मनोनीत व्यक्तिले ल्याउने आधिकारिक पत्र वा अख्तियार प्राप्त व्यक्तिले दिने प्रोक्सी फारममा संस्थाको छाप र आधिकारीक व्यक्तिको दस्तखत हुनु पर्नेछ ।

८. विविध शीर्षक अन्तर्गत गर्नुपर्ने छलफलको विषय बारे सभा हुने दिन भन्दा ७ दिन अगावै कार्यालय समय भित्र अध्यक्षज्यूलाई सम्बोधन गरी संस्थाको कार्यालयमा लिखित जानकारी दिनुपर्नेछ । उक्त लिखित जानकारीलाई औचित्यता हेरी छलफलमा समावेश गर्न सक्ने भएता पनि पारित हुने प्रस्तावको रुपमा भने समावेश गरिने छैन ।

९. साधारण सभा सम्बन्धी थप जानकारीको लागि यस संस्थाको वेभसाइट www.skbbl.com.np मा हेर्न वा बबरमहल, काठमाडौं स्थित यस संस्थाको रजिष्टर्ड कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

कम्पनी ऐन, २०६३ को दफा ८४ बमोजिम प्रस्तुत साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.को संक्षिप्त वार्षिक आर्थिक विवरण

आदरणीय शेयरधनी महानुभावहरू, यस साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.को २४ औं वार्षिक साधारण सभाको प्रयोजनार्थ यस वित्तीय संस्थाको आ.व. २०८१/८२ को वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण लगायत आर्थिक कारोबारको सिंहावलोकन, भविष्यका योजनाहरू र लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका मुख्य कैफियतहरू समेत उल्लेख गरी सञ्चालक समितिको निर्णयानुसार देहायको संक्षिप्त वार्षिक आर्थिक विवरण प्रकाशन गरिएको छ ।

(क) वित्तीय संस्थाको कारोवार तथा वित्तीय स्थिति

मुलुकको समग्र आर्थिक परिवेशमा भएको विकास र लघुवित्त क्षेत्रमा तीव्र प्रतिस्पर्धा हुँदा हुँदै पनि यो वित्तीय संस्थाले लघुवित्तको सेवा विस्तार गर्दै परिवर्तित प्रतिकूल अवस्थामा समेत उल्लेख्य प्रगति कायम गर्न सफल भएको छ । यस वित्तीय संस्थाले आफ्ना कुल १४६३ साझेदार संस्थाहरु मार्फत आ.व. २०८१/८२ मा विपन्न तथा साना किसान परिवारमा सेवा विस्तार गरी कुल ९,४१,७३१ परिवारलाई लघुवित्त सेवा पुऱ्याउन सफल भएको छ । आ.व. २०८०/८१ को अन्तमा कुल लगानीमा रहेको रकम रु. ३९ अर्ब ६२ करोड ४९ लाख रहेकोमा समीक्षा वर्षको २०८२ असार मसान्तमा रु. ३५ अर्ब ९० करोड ७३ लाख पुगेको छ । साथै आ.व. २०८०/८१ मा रु. २० अर्ब ७९ करोड ८१ लाख कर्जा लगानी गरेकोमा समीक्षा वर्षमा रु. २१ अर्ब १३ करोड ८ लाख एवम् समीक्षा वर्षमा कर्जा असूली रु. २४ अर्ब ८४ करोड ८५ लाख पुगेको छ ।

आ.व. २०८०/८१ मा कुल सञ्चालन आम्दानी रु. २ अर्ब १९ करोड ४१ लाख रहेकोमा आ.व. २०८१/८२ मा १७ प्रतिशतले घटेर रु. १ अर्ब ८१ करोड २८ लाख पुगेको छ । साथै आ.व. २०८०/८१ मा खुद मुनाफा रु. ९२ करोड १९ लाख रहेकोमा आ.व. २०८१/८२ मा ५.०९ प्रतिशतले घटेर रु. ८७ करोड ५० लाख पुगेको छ । २०८२ असार मसान्तमा वित्तीय संस्थाको सञ्चित नाफा रु. १ अर्ब ८४ करोड ९१ लाख रहेको छ । सञ्चालक समितिबाट साधारण सभा समक्ष आ.व.२०८१/८२ मा रु.६१,४५,४८,५६५/७१ (अक्षरेपी एकसट्टी करोड पैतालिस लाख अठचालीस हजार पाँच सय पैसट्टी रुपैंया र एकहत्तर पैसा मात्र) बराबरको बोनस शेयर र रु. ३,२३,४४,६६१/३५ (अक्षेरेपी तीन करोड तेईस लाख चवालिस हजार छ सय एकसट्टी रुपैंया र पैतीस पैसा मात्र) नगद लाभांश (कर प्रयोजनका लागि) वितरणका लागि प्रस्ताव गरिएको छ । लेखापरीक्षकको प्रारम्भिक प्रतिवेदन उपर सञ्चालक समितिबाट प्रत्युत्तर पठाए पश्चात मिति २०८२/७/२६ मा प्राप्त यस संस्थाको लेखापरीक्षण प्रतिवेदन अनुसारको वित्तीय विवरणको सारांश तालिका (१, २ र ३ मा प्रस्तुत गरिएको छ ।

तालिका १

Statement of Financial Position

Particular	Notes	32 Asar 2082	31 Asar 2081
Cash & Cash Equivalent	4.1	4,443,271,199.57	4,035,969,250.46
Statutory Balances and Due from Nepal Rastra Bank	4.2	208,994,041.76	209,494,041.76
Placement with Banks & Financial Institutions	4.3	1,986,800,000.00	1,414,400,000.00
Derivative Financial Instruments	4.4	-	-
Other Trading Assets	4.5	-	-
Loan and Advances to MFIs &Cooperatives(Net)	4.6	34,301,447,827.08	38,123,180,344.99
Loan & advances to customers	4.7	62,380,147.84	46,822,096.87
Investment Securities	4.8	27,634,813.35	26,250,238.19
Current Tax Assets	4.9	10,433,921.70	16,425,616.71
Investment Property	4.10	-	-
Property and Equipment	4.11	262,450,069.59	268,013,417.98
Goodwill and Intangible assets	4.12	94,683,605.55	93,067,834.77
Deferred tax assets	4.13	26,814,103.92	24,627,091.99
Other assets	4.14	80,063,572.59	92,543,743.37
Total Assets		**41,504,973,302.96**	**44,350,793,677.09**
Liabilities			
Due to Bank & Financial Institutions	4.15	6,031,813,614.55	11,322,434,480.01
Due to Nepal Rastra Bank	4.16	118,247,541.54	118,423,039.94
Derivative Financial Instrument	4.17	-	-
Deposits from Customers	4.18	4,040,859,444.40	2,838,929,397.87
Borrowing	4.19	20,586,038,667.00	20,146,222,372.50
Current Tax Liabilities	4.9		-
Provisions	4.20	-	-
Deferred Tax Liabilities	4.13	-	-
Other liabilities	4.21	404,388,962.99	437,702,917.61
Debt Securities Issued	4.22	-	-
Subordinated Liabilities	4.23	-	-
Total Liabilities		**31,181,348,230.48**	**34,863,712,207.93**
Equity			
Share Capital	4.24	4,312,621,513.78	3,806,373,798.57
Share Premium		18,269,713.60	18,269,713.60
Retained Earnings		1,849,111,820.83	1,757,955,758.41
Reserves	4.25	4,143,622,024.27	3,904,482,198.58
Total Equity		**10,323,625,072.48**	**9,487,081,469.16**
Total Liabilities & Equity		**41,504,973,302.96**	**44,350,793,677.09**
Contingent Liabilities and Commitment	4.26	20,811,170.92	19,685,532.62
Net assets value per share		239.38	249.24

तालिका २

Statement of Profit or Loss

Particular	Notes	32 Asar 2082	31 Asar 2081
Interest Income	4.27	2,897,967,345.82	4,154,343,299.32
Interest Expense	4.28	(1,101,592,552.74)	(1,971,883,910.01)
Net Interest Income		**1,796,374,793.08**	**2,182,459,389.31**
Fees & Commission Income	4.29	2,825,000.00	4,285,000.00
Fees & Commission Expense	4.30	-	-
Net Fee & Commission Income		**2,825,000.00**	**4,285,000.00**
Net Interest, Fee & Commission Income		**1,799,199,793.08**	**2,186,744,389.31**
Net Trading Income	4.31	-	-
Other Operating Income	4.32	13,575,517.68	7,385,994.19
Total Operating Income		**1,812,775,310.76**	**2,194,130,383.50**
Impairment (Charge)/ reversal for loans & other losses	4.33	(104,076,787.43)	(436,504,160.75)
Net Operating Income		**1,708,698,523.33**	**1,757,626,222.75**
Personnel Expenses	4.34	(313,372,498.72)	(321,198,982.54)
Other Operating expenses	4.35	(89,784,994.07)	(92,474,720.44)
Depreciation & Amortization	4.36	(29,196,135.37)	(26,967,557.44)
Operating Profit		**1,276,344,895.17**	**1,316,984,962.33**
Non Operating Income	4.37	2,318,499.83	2,617,628.07
Non Operating Expense	4.38	-	-
Profit before Income Tax		**1,278,663,395.00**	**1,319,602,590.40**
Income Tax Expense	4.39	(403,657,610.62)	(397,658,158.50)
Current tax		(408,369,842.91)	(405,195,912.70)
Deferred tax		4,712,232.29	7,537,754.20
Profit for the year		**875,005,784.38**	**921,944,431.89**
Profit attribute to:			
Equity holder of the Financial Institution		**875,005,784.38**	**921,944,431.89**
Profit for the year		**875,005,784.38**	**921,944,431.89**
Earnings per share			
Basis EPS		20.29	24.22
Diluted EPS		20.29	24.22

तालिका ३ केही महत्वपूर्ण वित्तीय सूचकहरू

क्रसं	विवरण	सूचकाङ्क	आ.व.८१/८२	आ.व.८०/८१
१	खुद नाफा/कुल आम्दानी प्रतिशत	प्रतिशत	३०.०२	२२.१३
२	व्याज आम्दानी/कर्जा तथा सापट	प्रतिशत	७.६६	९.७६
३	कर्मचारी खर्च/कुल सञ्चालन खर्च	प्रतिशत	१२.०९	७.९५
४	कुल निक्षेपतथा सापटीमा व्याज खर्च	प्रतिशत	३.५८	५.७३
५	कर्मचारी बोनस/कुल कर्मचारी खर्च	प्रतिशत	८६.६३	७७.८६
६	खुद नाफा/कुल सम्पत्ति	अनुपात	२.११	२.०८
७	कुल सञ्चालन खर्च/कुल सम्पत्ति	प्रतिशत	३.३५	५.१२
८	बुक नेटवर्थ (प्रति शेयर)	रु.	२३९.३८	२४९.२४

चालु आर्थिक वर्षको पहिलो त्रैमासिक अवधिको प्रगति

आ.व.२०८१/८२ को असोज मसान्तको खुद मुनाफा रु. ३२ करोड १८ लाख रहेकोमा चालु आ.व. २०८२/८३ को असोज मसान्तमा रु. २२ करोड ८५ लाख हुन गएको छ । २०८१ को असोजमा कुल कर्जा तथा सापट रु. ३४ अर्ब ८५ करोड ०४ लाख रहेकोमा २०८२ साल असोज मसान्त सम्ममा रु. ३३ अर्ब ५२ करोड ३६ लाख पुगेको छ । २०८१ असोजमा कुल निष्क्रिय कर्जा २.४६ प्रतिशत रहेकोमा २०८२ साल असोज मसान्तमा ३.०७ प्रतिशत भएको छ ।

(ख) भविष्यका योजनाहरू

यस वित्तीय संस्थाको भविष्यका योजनाहरू निम्नानुसार रहेका छन् :-

(१) लघुवित्त सेवा नपुगेका र अपर्याप्त रहेका सबै भौगोलिक क्षेत्रहरूमा वित्तीय सेवा विस्तारका लागि क्रमशः कार्यक्रम सञ्चालन गर्दै लगिने छ ।

(२) लघुवित्त सेवाबाट वञ्चित वर्ग आदिवासी, मधेसी, दलित, जनजाती, सुकुम्बासी र खास गरी विपन्न ग्रामीण महिलाको लघुवित्त सेवामा पहुँच बढाउन अनुसरण कार्यक्रम तथा व्यवसाय विस्तारका उपयुक्त नमुनाहरूलाई प्रभावकारी रुपमा विस्तार गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

(३) नेपाल सरकारको ऋण सहयोगमा सञ्चालित कृषि तथा पशुपन्छीपालन व्यवसायकर्जा कार्यक्रम (पशुपालन तथा तरकारी खेती) लाई अझ प्रभावकारी बनाई विस्तार गरिनेछ ।

(४) विपन्न तथा साना किसानहरूलाई कृषि मूल्यशृङ्खलाका विविध पक्षहरूमा सहभागी गराई साझेदार सहकारी मार्फत ग्रामीण उद्यम व्यवसाय स्थापना गराउन एसियाली विकास बैंक तथा विभिन्न सहयोगी निकायहरूसँगको समन्वयमा सञ्चालित ग्रामीण उद्यम कर्जा कार्यक्रमलाई प्रभावकारी रुपमा विस्तार गरिनेछ ।

(५) वित्तीय संस्थाको उद्देश्य प्राप्तिमा सघाउ पुऱ्याउने र सहयोग आदान प्रदान हुन सक्ने सम्भाव्य राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थाहरू पहिचान गरी सहकार्यको लाभ लिने वातावरण मिलाईनेछ ।

(६) प्रभावकारी अनुगमन र निरीक्षण व्यवस्थाबाट साझेदार संस्थाहरूमा सुशासनको अवस्था सुदृढ गराईनेछ ।

(७) संस्थाको वित्तीय स्वास्थ्य तथा ग्रामीण विकासमा पुऱ्याएको योगदानको आधारमा संस्थामा संलग्न नेतृत्ववर्ग र व्यवस्थापनमा संलग्न कर्मचारीहरुको समेत क्षमता अभिवृद्धि हुने अवसरहरूको खोजी गरी यथोचित प्रबन्ध मिलाईने छ ।

(८) विपन्न तथा साना किसानहरूमा वित्तीय सेवाको सहज पहुँच विस्तार गर्न एवम् पारदर्शी र प्रभावकारी सेवाका लागि सुदृढ सूचना तथा सञ्चार प्रविधिको उपयोगको साथै उपयुक्त मोबाईल बैंकिङ्गको सम्भावना खोजी गरिनेछ ।

(९) गुणस्तरीय कर्जा लगानीको विस्तार, आम्दानीको स्रोत विस्तार र खर्चको उचित व्यवस्थापन गर्दै वित्तीय संस्थाको मुनाफामा वृद्धि गरी शेयरधनीहरूलाई यथोचित प्रतिफल उपलब्ध गराइनेछ ।

(१०) कृषिको रुपान्तरण तथा उद्यमशील संस्कृतीको विकासमा सघाउ पुऱ्याउन साझेदार संस्थाहरूको लागि उद्यमशीलता विकास सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने तथा नमूना कार्यक्रमहरू अनुसरण गर्ने व्यवस्था समेत मिलाइनेछ ।

(११) विगतदेखि अनुसरण कार्यक्रमबाट स्थापना भई सञ्चालनमा रहेका परिपक्व सहकारी संस्थाहरूलाई मापदण्डको आधारमा वित्तीय संस्थासँगको कारोबारमा आवद्ध गराउँदै लगिनेछ ।

(१२) कृषिको रूपान्तरणमा युवाहरूको योगदान थप प्रभावकारी बनाउन साना किसान सहकारीमा आवद्ध परिवारका युवाहरूलाई कृषि तथा पशुपन्छीपालन सम्बन्धी प्राविधिक सीप/ज्ञान प्राप्त गर्न प्राविधिक शिक्षा तथा व्यवसायिक परिषद (CTEVT) लगायत स्वदेशी तथा विदेशी तालिम केन्द्रहरुमा पठाइनेछ ।

(१३) नेपाल सरकार, अर्थ मन्त्रालय, प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना तथा विकास साझेदार संस्थाहरुसँग समन्वय गरी उपयुक्त क्षेत्रहरूमा धान, गहुँ, मकै, केरा, तरकारी, उखु, आलु, फलफूल, तेलहन, पशुपन्छीपालन, माछापालन आदि लगायतका कृषि उपजमा व्यावसायिक रुपमा केन्द्रित हुने गरी पकेट परियोजना सञ्चालन गर्न सहकार्य गरिनेछ ।

(१४) प्रदेश सरकारहरूसँग सहकार्य गरी विपन्न र साना किसानलाई सुलभ कर्जा पहुँचका लागि कार्यक्रम सञ्चालन गर्न पहल गरिनेछ ।

(१५) वित्तीय कारोवारमा डिजिटल प्रविधिको अधिकतम उपयोग गर्ने अवस्था निर्माण गरिनेछ ।

(१६) जलवायु परिवर्तनको असर कम गर्न र पर्यावरण मैत्री कृषि विकास गर्न उचित किसिमको वित्तीय सेवा प्रवाहका लागि विभिन्न सहयोगी निकायसँग समेतको समन्वयमा आवश्यक कार्यहरुको थालनी गरिनेछ ।

(१७) वातावरण संरक्षणका लागि हरित कोष (Green fund) मा पँहुच पुऱ्याई सो प्राप्त गर्ने लगायत नविकरणीय उर्जाको अधिकतम प्रयोग गर्ने गराइनेछ ।

(१८) कृषि तथा ग्रामीण वित्तका लागि विशिष्टीकृत सेवा प्रदान गर्नेबैंक/वित्तीय संस्थाको रुपमा स्थापित हुन आवश्यक पहल गरिनेछ ।

(ग) लेखापरीक्षकको मन्तव्य

वित्तिय संस्थाको असार मसान्त २०८२ को वासलात, उक्त मितिमा सम्पन्न आर्थिक वर्षको नाफा नोक्सान हिसाब तथा सोहि अवधिको नगद प्रवाह विवरण लगायतका वित्तिय विवरणहरूमा लेखापरीक्षकबाट नेपाल राष्ट्र बैंकद्वारा जारी निर्देशन अनुसार यथार्थपरक रहेको राय सहितको प्रतिवेदन रहेको छ ।

(घ) संक्षिप्त वार्षिक आर्थिक विवरणमा उल्लेखित गर्नु पर्ने अन्य कुरा :

संक्षिप्त वार्षिक आर्थिक विवरण कम्पनीको वार्षिक आर्थिक विवरण र सञ्चालक समितिको प्रतिवेदनको संक्षिप्त विवरण मात्र हो । माथि उल्लेखित संक्षिप्त आर्थिक विवरण कम्पनीको वार्षिक आर्थिक विवरण, सञ्चालक समितिको प्रतिवेदन र प्रचलित नियमानुसार तयार पारिएको छ । लेखापरीक्षकले लेखापरीक्षण क्रममा कम्पनीको कारोबार सम्बद्ध बाहेक अन्य कैफियतहरू उल्लेख नगरेको । कम्पनीको लेखा तथा लेखा सम्बन्धी विवरणहरू पूर्ण रहेको, कम्पनीको लेखा सम्बन्धी अभिलेखको विवरणसँग दुरुस्त रहेको र लेखापरीक्षकले माग गरे बमोजिमको आवश्यक सूचना, स्पष्टिकरण एवम् विवरणहरू उपलब्ध गराईएको बेहोरा प्रतिवेदनमा उल्लेख भएको ।